# गैरआवासीय नेपाली संघ बेलायत

NRNA NCC-UK Non-Resident Nepali Association

१०० दिन विशेषांक


## सातौं कार्यसमिति (२०१७ – २०१९)

# सातौं कार्यसमितिको १ सय दिन



**एनआरएन** यूकेको वर्तमान सातौं कार्यसमितिको पहिलो सय दिन पूरा भएको छ । यहि अवसरमा आइतबार डिसेम्बर १७ का दिन एक विशेष कार्यक्रम आयोजना गरिएको छ ।

अल्डरसटमा आयोजित सो कार्यक्रममा एनआरएन यूकेको कार्यालयको समेत उद्घाटन भएको छ । एनआरएन यूकेका अध्यक्ष तथा कार्यक्रमका सभापति योगकुमार फगामी र कार्यक्रमका प्रमुख अतिथी तथा आइसिसी उपाध्यक्ष कुल आचार्यले संयुक्त रूपमा कार्यालय उद्घाटन गरेका हुन् ।

एनआरएन यूकेको कार्यसम्पादन अबदेखि अल्डरसटको ९ए हाई स्ट्रिटस्थित सोही कार्यालयबाट सञ्चालन गरिने बताइएको छ । त्यस अवसरमा बेलायतबाट हालै आइसिसीको सल्लाहकार मानार्थ परिषद् सदस्य तथा कोअप आइसिसी सदस्यमा मनोनित हुनेहरूलाई सम्मान गरियो ।

त्यस्तै, एनआरएन यूकेको कोअप सदस्यमा मनोनित हुने सदस्यहरूलाई प्रमाणपत्र पनि वितरण गरियो । कार्यक्रमलाई सम्बोधन गर्दै एनआरएन आइसिसी उपाध्यक्ष कुल आचार्य, सल्लाहकार सुरेन्द्र श्रेष्ठ, एनआरएन यूकेका पूर्व अध्यक्षद्वय सूर्य गरूङ र मुछेत्र गुरूङ, आइसिसी सदस्य रामशरण सिंखडा लगायतले सातौं कार्यसमितिले सय दिन पूरा गरेकोमा बधाई दिदैँ बाँकी कार्यकालका लागि शुभकामना दिए ।

सल्लाहकार श्रेष्ठले दोहोरो नागरिकताको मुद्दा सम्बन्धी जानकारी गराउनुका साथै सबै यसका लागि एकजुट भएर अगाडी बढेमा अवश्य जित हासिल गर्ने बताए ।

पूर्व अध्यक्ष सूर्य गरूङले संघमा सबै सकारात्मक भई अघि बढनुपर्ने र सके राम्रा काममा सबैले सहयोग गर्ने अन्यथा कसैलाई नराम्रो नगर्ने परिपाटीको विकास गर्नुपर्ने बताउँदै संघले विगतमा धेरै राम्रा कामहरु गरेको र नेपाल हाउसको प्रोजेक्टलाई अगाडी बढाउन सुझाव दिए ।

त्यसैगरि निवर्तमान अध्यक्ष मुछेत्र गुरूङले संस्था संचालन गर्ने क्रममा कयौँ पटक फ्रस्टेसन हुन सक्छ, तर सबैलाई समेट्दै निरन्तर शान्त भई अगाडी बढ्नुपर्ने बताएका थिए ।

तमु धीँ यूके अध्यक्ष ज्ञाम गुरूङले एनआरएनएको सबै राम्रा कामहरूमा आफ्नो संस्थाले सहयोग पुऱ्याएको तथा भविष्यमा पनि सधैँ सहयोग गर्ने जानकारी गराए ।

सिंखडाले आफु कहिले पनि पदलोलुप नरहेको तर आफुलाई आएको जिम्मेवारीलाई गम्भीरतापूर्वक निर्वाह गर्ने हुँदा केन्द्र तथा एनआरएन यूकेबीच आफु सेतुका रूपमा काम गर्ने जनाए ।

उपाध्यक्ष आचार्यले एनआरएन यूकेले सधैँ नै उदाहरणीय कार्य गर्दै आएको र यो नयाँ टीमको उत्साहबाट आफु प्रभावित भएको तथा केन्द्रमा आफु उपाध्यक्ष भएता पनि बेलायतमा आफु साधारण सदस्य सरह कार्य गर्न सधैँ उत्सुक रहेको बताए । एनआरएनए यूकेको डिजिटल एनआरएनए अवधारणलाई अगाडि बढाउन अनुरोध गर्दै आफ्नो तर्फबाट सबै प्रकारको सहयोग रहने जानकारी गराए ।

अध्यक्ष फगामीले बेलायतवासी नेपालीहरूको ग्रास रूटसम्मै पुगेर संस्थालाई सबैको साझा बनाउने आफ्नो लक्ष्य दोहोऱ्याए । सो अवसरमा एनआरएन यूकेका प्रवक्ता रमेश सरांगकोटीले १ सय दिनको उपलक्ष्यमा प्रकाशित हुन लागेको विशेषाङ्कको बारेमा प्रस्तुतीकरण दिएका थिए । पत्रिकामा प्रकाशन गर्न लागिएको आठ पेजको यस विशेषाङ्क बेलायतमा रहेका नेपाली मिडियालाई आर्थिक रूपमा सक्षम बनाउने एक प्रयोग भएको बताए ।

झण्डै दुई सयको हाराहारीमा रहेका नेपाली संघ संस्थाले आफ्नो सय दिनको विशेषाङ्क वा आफ्नो वार्षिक अधिवेशनको विशेषाङ्क प्रकाशन गर्ने परम्परा बसेमा यसले बेलायतमा रहेको नेपाली पत्रकारीताको दिगो विकासमा कोशे ढुङ्गा सावित हुने जनाए । प्रवक्ता सरांगकोटीले संस्थाका हाल सम्मको कार्यह?को विवरण, भावी योजना र कार्यक्रमबारे समेत बताएका थिए ।

एनआरएन यूकेलाई वेबिनारको माध्यमबाट अनलाईन बैठकहरु संचालन गर्ने, भविष्यमा इ-भोटिङ्गको लागि तयारी, ईलेक्ट्रोनिक परिचयपत्र सहित डिजिटल एनआरएनको विकास गर्ने कामको सुरूवात भएको जानकारी दिए ।

उपाध्यक्ष प्रेम गाहा मगरले च्यारिटी विभागका भावी कार्यक्रमहरूको योजना प्रस्तुत गरेका थिए । अर्का उपाध्यक्ष ललित न्यौपानेले राज्य तथा क्षेत्र समन्वय विभागका कामहरु आगामी दुई महिनामा गरिने कार्यक्रममा जानकारी गराए ।

उपाध्यक्ष शेर सुनारले सबै सदस्यहरूलाई परिचयपत्र पोष्ट मार्फत् वितरण गरिसकिएको र कसैले नपाएको अवस्थामा सम्पर्क गर्न अनुरोध गर्दै एनआरएन आईसीसी अध्यक्ष भवन भट्ट बेलायत आउने तयारीका बारेमा जानकारी गराए । त्यसअवसरमा एनआरएन यूकेका पूर्व उपाध्यक्ष राष्ट्र राईको संयोजकत्वमा तेक्वान्दो प्रतियोगितामा भाग लिन नेपाल जान लागेका खेलाडीहरूलाई खादा ओढाएर सफलताको शुभकामना दिइएको थियो । विगतका वर्षहरु देखि यूवा शसक्तिकरण गर्नका लागि यस कार्यक्रमलाई संघले आर्थिक सहयोग गर्दै आईरहेको छ ।

एनआरएन यूकेको यस्तो प्रकारको कार्यक्रम पहिलो भएको हुँदा सबै अभियन्ता तथा अग्रजको हौसला र शुभकामनाले आफ्नो कार्यसमिति थप उत्साहित भएको तथा संघको सचिवालयबाट अबदेखि निरन्तर सेवा प्रदान गरिने भन्दै सबै संघ-संस्था तथा एनआरएनका अभियन्तालाई अध्यक्ष फगामीले धन्यवाद दिए ।

महासचिव आरके त्रिपाठीले सञ्चालन गरेको कार्यक्रम, हेल्थ एण्ड सेफ्टी उपमहासचिव विनय अधिकारीले तथा उपाध्यक्ष पुनम गुरूङले स्वागत मन्तव्य राखेकी थिइन् ।

## यसभित्र के छ ?


पृष्ठ ११

सातौं कार्यसमितिका १ सय दिन





पृष्ठ १२

विश्व सम्मेलनमा एनआरएन यूकेका ४ काम





पृष्ठ १३

सबैको साझा संस्था बनाउंछौं

कहाँ पुग्यो नागरिकताको कानुनी लडाईं ?





पृष्ठ १४

एनआरएन यूके यहाँसम्म आइपुग्दा

# सातौं कार्यसमितिका १ सय दिन

सन् २०१७ को सेप्टेम्बर महिनाको ९ तारिख सम्पन्न एनआरएन यूकेको सातौं अधिवेसनले गैरआवासीय नेपाली संघ बेलायतमा योगकुमार फगामीको अध्यक्षतामा नयां कार्यसमिति निर्वाचित गर्‍यो । निर्वाचनको माध्यमबाट चयन भएर आएको सातौं कार्यसमितिले आफ्नो २ वर्षे कार्यकालको पहिलो १ सय दिन पूरा गरेको छ । हुन त कुनै पनि संघसंस्थामा पहिलो सय दिनको अवधिलाई मधुमास अवधिका रूपमा लिइन्छ र त्यो समयभित्र खासै ठूला कामहरू वा त्यस्तो कुनै परिणामको अपेक्षा राखिएको हुंदैन । तर पनि दुई वर्षे कार्यकालका लागि थुप्रै कार्ययोजनाहरू अघि सारेर कैयौं प्रतिबद्धासहित आएको टिमलाई पहिलो १ सय दिनको अवधि पनि कामहरू देखाउन र संस्थाप्रतिको आशा जगाउनको लागि कम महत्वपुर्ण समय होइन ।

एनआरएन यूकेको सातौं कार्यसमितिले पनि आफ्नो पहिलो सय दिनको मधुमास अवधिमा कैयौं कामहरू सम्पन्न गरिसकेको छ , कतिपय सुरूआत गरेर प्रक्रियामा अगाडि बढाइसकेको छ भने कतिपय कार्यक्रमलाई अब कार्यान्वयनमा लैजानी तयारी चरणमा राखेको छ । पहिलो १ सय दिनमा भएका यीनै गतिविधी तथा कार्यक्रमहरूको सारांश यहां प्रस्तुत गरिएको छ ।



## १ संरक्षक तथा कोअप सदस्य मनोनयन

एनआरएन यूकेको सातौं कार्यसमितिले जिम्मेवारी ग्रहण गरेलगत्तै संरक्षक समिति गठनको निर्णय गरेको थियो। जसअनुसार सांस्थाका सबै पूर्व अध्यक्षहरुलाई संरक्षकमा मनोनित गरिएको छ। संरक्षहकहरुमध्ये मेजर रिटायर्ड डमर घलेलाई प्रमुख संरक्षक नियुक्त गरिएको छ।

सातौं कार्यसमितिको पहिलो पुर्ण बैठकबाट ५ जना कोअप सदस्य मनोनित गर्दै कार्यसमितिलाई पुर्णता दिइएको छ। कोअप सदस्यमा गौमाया गुरुंग, राजन खकुरेल, महेश गिरी, डा दिलिपकुमार यादव र मनिष खड्का मनोनित भएका छन् । संस्थालाई समावेशी गराउने तथा काम गर्न चाहने सबैलाई समेट्ने उद्धेश्यले कोअपमा मनोनयन गरिएको छ। कोअप सदस्यमा मनोनित हुने सबै विभिन्न पेशामा स्थापित युवाहरु छन् ।

त्यस्तै, संस्थाको सल्लाहकारमा गत निर्वाचनमा अध्यक्षका दुई प्रत्यासीहरु कृष्ण तिमल्सेना र हिराधन राईलाई मनोनित गरिएको छ। अन्य सल्लाहकार मनोनयनका लागि नाम संकलन गरेर चयन गर्ने जिम्मा कार्यसमितिले अध्यक्षलाई सुम्पिएको छ। सल्लाहकारको मनोनयन अब छिट्टै पूरा हुने क्रममा छ।



## २ विश्व सम्मेलनमा सहभागिता

एनआरएन यूकेको सातौं कार्यसमिति निर्वाचित भएको ५ सातापछि काठमाडौंमा आठौं विश्व सम्मेलन सम्पन्न भयो। सम्मेलनमा बेलायतबाट झण्डै डेढ सय जना डेलिगेटहरुको सहभागिता रह्यो ।

सम्मेलनमा बेलायतको सहभागिता विगतमा जस्तै यसपटक पनि उत्साहबर्द्धक रहयो । बेलायतबाट उम्मेदवारी दिएका सबै पदका उम्मेदवारहरुलाई सघाउने लक्ष्यसहित सबै उम्मेदवार र डेलिगेटहरुको संयुक्त भेला एनआरएन यूकेले सम्मेलनको पूर्वसन्ध्यामा काठमाडौंमा आयोजना गरेको थियो । बेलायतका तर्फबाट आइसिसीको उपाध्यक्षमा कुल आचार्य र युरोप क्षेत्रीय महिला उपसंयोजकमा सँगिता मरहट्ठा विजयी भए।

सम्मेलनका क्रममा काठमाडौंमा रहंदा एनआरएन यूकेको टोलीले उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायतलाई भेटेर गैरआवासीय नेपालीहरुका विभिन्न मागहरुसहित ज्ञापनपत्र बुझायो। नेपाललाई लोडसेडिंगमुक्त गर्न उदाहरणीय भुमिका खेल्ने विद्युत प्राधिकरणका निर्देशक कुलमान घिसिंगलाई कार्यकक्षमै पुगेर प्रशंसापत्रसहित सम्मान गरियो । पत्रकार महासंघ बेलायतसंगको सहकार्यमा स्थापित अक्षय कोषबाट प्रदान गरिने पत्रकारिता पुरस्कारका यस वर्षका विजेतालाई सम्मेलनकै क्रममा पुरस्कार वितरण पनि गरियो।



## ३ विषयगत विभागहरू गठन

सातौं कार्यसमितिको पहिलो पुर्ण बैठकबाट एनआरएन यूकेअन्तर्गत विभिन्न विभागहरु गठन गरिएको छ । संस्थाको प्रतिबद्धताअनुसारका कार्यक्रमलाई कार्यान्वयनमा लैजान सहज होस भन्ने उद्धेश्यले यी विभागहरु गठन गरिएका छन् ।

सबै विभागमा कार्यसमितिभित्रैबाट संयोजकहरु तोकिएका छन् । विभागको आवश्यकताअनुसार कार्यसम्पादनमा सहजता हुने गरेर संयोजकहरुले नै विभागमा सदस्यहरु मनोनित गरिसकेका छन् । सबै विभागले आ आफ्नै क्षेत्रसंग समबन्धित विविध जिम्मेवारीहरु पाएका छन् ।



## ४ राज्य तथा क्षेत्रीय समिति गठनको तयारी

क्षेत्रीय अवधारणमा जाने एनआरएन यूकेको पहिलेदेखिकै कार्यक्रमलाई मुर्त रुप दिने प्रक्रिया सुरु गरिएको छ। एनआरएन यूकेको राज्य तथा क्षेत्र समन्वय परिषदको संयोजनमा इंग्ल्याण्ड, वेल्स, स्कटल्याण्ड र नर्दन आयरल्याण्डसहितका ४ वटै राज्यमा राज्य समन्वय परिषद गठनको प्रक्रिया सुरु गरिएको छ। त्यस्तै , विभिन्न क्षेत्रीय समितिहरुको गठनको प्रक्रियालाई पनि अगाडि बढाइएको छ। राज्य समन्वय परिषद तथा क्षेत्रीय समितिको गठनपछि संस्थाको संगठन विस्तारमा महत्वपुर्ण उपलब्धी हासिल गर्ने अपेक्षा छ।




## ५ आफ्नै कार्यालय स्थापना

यहि डिसेम्बरको पहिलो सातादेखि एनआरएन यूकेले आफ्नै कार्यालय पाएको छ। अल्डसटको ९ ए हाईस्ट्रिट कार्यालय सुरु गरिएको हो। अबदेखि संस्थाका सबै कामहरु यहि कार्यालयबाटै सञ्चालन हुनेछन् । एउटा निश्चि कार्यालयको व्यवस्थासंगै यसले सदस्यहरु तथा समुदायसंगको सम्पर्क र सम्बन्ध विस्तारमा सहयोग पुर्‍याउने आशा गरिएको छ।

NRNA NCC-UK Non-Resident Nepali Association

## ६ परिचयपत्र वितरण

एनआरएन यूकेमा पहिलेदेखि नै सदस्यहरुको गुनासो रहदै आएको एक विषय हो परिचय पत्र। यसैलाई ध्यानमा राखेर सदस्यता परिचयपत्र वितरणको कार्यलाई यो कार्यसमितिले तत्काल नै पूरा गरेको थियो। पोस्टमार्फत सम्पुर्ण सदस्यको परिचयपत्र उनीहरुको घरमै पठाइसकिएको छ । जसमा सदस्यहरुको तर्फबाट निकै सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ।

# विश्व सम्मेलनमा एनआरएन यूकेका ४ काम

● रमेश सराङकोटी

**बेलायतमा रहेका नेपालीहरुले विभिन्न क्षेत्रमा आफ्नो दक्षता र विशेषज्ञता पनि हासिल गरेका छन्। त्यस्ता नेपालीहरुबाट सामूहिक र व्यक्तिगत रुपमा राज्यले लाभ उठाउन हामी ध्यानाकर्षण गराउँछौं**

हरेक दुई वर्षमा प्रवासी नेपालीहरू नेपालमा भेला हुन्छन् । नेपालको सम्बृद्धि र विकासका लागि बहस छलफल गर्छन र आफूलाई सुहाउंदो नेतृत्वको चयन गर्छन् । यिनै विषयमा केन्द्रीत हुंदै यसवर्ष पनि गैरआवासीय नेपाली संघ (एनआरएनए) को आठौं विश्व सम्मेलन यही अक्टोबर १४ देखि १७ सम्म काठमाडौंमा सम्पन्न भयो । एनआरएनए अभियानको एक थालनीकर्ता मुलुकको नाताले युकेमा भएका नेपालीहरू पनि एनआरएनए युकेमा आवद्ध हुंदै विश्व सम्मेलनमा भाग लिए । त्यतिमात्र होइन अरू देशका प्रतिनिधिले भन्दा पृथक रूपमा नेपालका विभिन्न नीति निर्माताहरूसित भेट गरी आफ्ना समस्या र अवस्था राख्न भ्याए ।

## युके प्रतिनिधि भेला

यसवर्ष एनआरएनए विश्व सम्मेलनमा भाग लिनका लागि युकेबाट १४३ जना प्रतिनिधी तथा ६ जना एनआरएनए आइसीसी सदस्य गरि कुल १४९ जनको सहभागीता भएको थियो । सहभागीहरूको टुंगो लगाउनका लागि अन्तर्राष्ट्रिय समन्वय समितिका सदस्य जयप्रकाश गुरूङलाई संयोजक तोकिएको थियो । यसरी काठमाडौं पुगेका प्रतिनिधिहरूलाई विश्व सम्मेलन शुरू हुनुअघि १३ अक्टोबरका दिन विशालबजारस्थित बाँक्वेटमा एक कार्यक्रम राखिएको थियो । अध्यक्ष योगकुमार फगामीको अध्यक्षतामा भएको सो कार्यक्रममा युकेबाट अन्तर्राष्ट्रिय समितिका विभिन्न पदहरूमा उम्मेदवारी दिएका प्रतिनिधिहरूलाई आफ्ना भनाइ राख्न मञ्च दिइएको थियो । यसैगरी कार्यक्रममा आइपुगेका अन्य उम्मेदवारहरूलाई औपचारिक कार्यक्रमपश्चात आफ्ना भनाइ राख्ने अवसर दिइएको थियो । यो कार्यक्रमको उद्देश्य युकेबाट गएका प्रतिनिधिहरूलाई युकेका उम्मेदवारहरूलाई जिताउन पहल गर्नु रहेको थियो ।

## उपराष्ट्रपति, प्रधानमन्त्री र सभामुखसित भेट

एनआरएन युकेले विश्व सम्मेलनको अवसर पारेर नेपाल पुगेको बखतलाई राज्यका विभिन्न महत्वपूर्ण



ओहोदाका व्यक्तिहरूलाई युकेमा बस्ने नेपालीहरूको अवस्था र समस्यका बारेमा अगवत गरायो । यसक्रममा उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ', प्रधानमन्त्री शेरबहादुर देउवा, सभामुख ओनसरी घर्तीलाई भेटी ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्रमा प्रवासी नेपालीहरूलाई सहज नागरिकता, गोरखाहरूको समस्या लगायतलाई उठाइएको थियो । उहांहरू तीनै जनाले ज्ञापन पत्रका उठाइएका विषयलाई सम्बन्धित निकायसम्म पुऱ्याउने वचन दिनुभएको थियो ।

ज्ञापनपत्रमा उठाइएको विषय यसप्रकार छन्ः

१.'एकपटकको नेपाली सधैंको नेपाली' हुने मूल मान्यतालाई आत्मसात गर्दै नेपाली नागरिकतावाहक नेपालीहरूको नागरिकताको निरन्तरता तथा उनीहरूको सन्ततिलाई वंशजका आधारमा नेपाली नागरिक रहिरहने व्यवस्था गर्न सुनिश्चित गर्न माग गर्दछौं ।

२.नेपाल बेलायतको सम्बन्ध सेतुका रूपमा रहेका गोरखा भूतपूर्व सैनिकहरूलाई समान पेन्सन, घाइते, बेपत्ता, नामकटुवा र परिवारबाट विच्छेद गरिएका गोरखा र उनीहरूका परिवारलाई





क्षतिपूर्तिका लागि शसक्त पहल गरिदिन ध्यानाकर्षण गराउंदछौं ।

३. सेवा निवृत्त भएका बयोवृद्ध गोरखा सैनिकहरूले २८ दिनभन्दा बढी बेलायतबाहिर बसे उनीहरूले पाउंदै आएको भत्ता तथा सुविधाहरू रोकिने गरेको छ । नेपालको भौगोलिक स्थिति, यातायातको सीमित उपलब्धता, सामाजिक बनावट आदिका कारण सो समयावधि अपुग देखिन्छ । तसर्थ सो समयावधि बढाउनको लागि बेलायत सरकारलाई अनुरोध गरिदिन हुन हार्दिक आग्रह गर्दछौं ।

४. काठमाडौं-लण्डन सीधा हवाई सम्पर्क नभएको हुंदा लण्डनबाट काठमाडौं आउने नेपाली मात्र नभई धेरै पर्यटकहरू अन्य मार्गबाट आउनु परिरहेको छ । यसबाट यात्रुहरूलाई सास्ती हुनुका साथै विदेशी मुद्रा पनि अन्यत्र गइरहेको छ । त्यसैले नेपाली राष्ट्रिय ध्वजाबाहक नेपाल एयरलाइन्सको सीधा काठमाडौं-लण्डन सेवा भए नेपाललाई आर्थिक रूपमा फाइदा मात्र होइन, हामी बेलायतबासी नेपालीको गौरव पनि बढ्ने थियो ।

५.बेलायतबाट वर्षेनी हजारौंको संख्यामा पर्यटकहरू नेपाल आउने गरेकोमा अझै धेरै पर्यटक नेपाल भित्र्याउन थप शसक्त बजार प्रबर्द्धन गर्न प्रचार सामग्री, टूर प्याकेज लगायतका बारेमा बेलायतका नेपालीलाई प्रशिक्षित गरी उनीहरूलाई पर्यटन प्रवर्द्धनका लागि प्रयोग गरियोस् ।

६. नेपाल सरकारबाट पहिचान गरिएका राष्ट्रिय गौरवका आयोजनाहरूमा बेलायतबासी गैर आवासीय नेपालीहरूलाई नेपालमा रहेका नेपालीसरह लगानी गर्नसक्ने व्यवस्था गरिदिन र त्यस्ता सेवा अनलाइनमार्फत उपलब्ध गराउन अनुरोध गर्दछौं ।

७. बेलायतमा रहेका नेपालीहरूले विभिन्न क्षेत्रमा आफ्नो दक्षता र विशेषज्ञता पनि हासिल गरेका छन् । त्यस्ता नेपालीहरूबाट सामूहिक र व्यक्तिगत रूपमा राज्यले लाभ उठाउन हामी ध्यानाकर्षण गराउँछौं ।

## कुलमान घिसिङलाई सम्मान

नेपालमा लामो समयसम्म लोडसेडिङ रह्यो जसका कारण आममानिस र उद्योगधन्दा, कलकारखानामा असाध्यै असर पऱ्यो । देशको अर्थतन्त्रमा धेरै असर पाऱ्यो । मानिसहरूमा आंट, साहस



नै हराउन लागेको थियो । अत्यावश्यक सेवाहरू प्रभावित बनिसकेका थिए । परिवारका आफन्तहरूबीचमा सम्पर्क गर्न नै असजिलो भइसकेको थियो । यस्तो अवस्थामा गत वर्षदेखि लोडसेडिङ हटेर आश्चर्यजनक रूपमा नेपालमा असम्भवलाई सम्भव बनाउन सकिन्छ भन्ने सन्देश व्यापक भएर गएको छ । नेपालीहरू व्यवस्थापन गर्न सक्षम छन् भन्ने सकारात्मक सन्देश विश्वभरका नेपालीहरूमा गएको छ । यस कार्यका नायक हुन् नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ । उनलाई बेलायतबासी नेपालीका तर्फबाट एनआरएनए युकेका अध्यक्ष योगकुमार फगामीले सम्मान गरेका थिए । यसका साथै उनको योजनामा एनआरएनए युके र युकेमा बस्ने नेपालीले कसरी सघाउन सक्छन् भन्ने बारेमा घिसिङसित छलफल भएको थियो ।

## एनआरएन पत्रकारिता पुरस्कार वितरण

एनआरएनए युके र नेपाल पत्रकार महासंघ युकेले संयुक्त रूपमा स्थापना गरेको एनआरएन अन्तर्राष्ट्रिय पत्रकारिता



पुरस्कार हरेक दुई दुई वर्षमा हस्तान्तरण गर्ने गरिएको छ । यसवर्ष पनि विश्व सम्मेलनको अवसर पारेर समापनको दिन १७ अक्टोबरमा पत्रकारद्वय होम कार्की र नविन पोखरेललाई प्रदान गरियो । एनआरएन अध्यक्ष शेष घले र एनआरएन युकेका अध्यक्ष योगकुमार फगामीले पुरस्कृत पत्रकारहरूलाई पुरस्कार र खादा हस्तान्तरण गर्नुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ युकेका अध्यक्ष नरेश खपाङ्गीमगरले पुरस्कारका बारेमा जानकारी गराएका थिए भने नवनिर्वाचित अध्यक्ष भवन भट्ट पनि सो अवसरमा उपस्थित थिए ।

## निश्कर्ष :

एनआरएनए युकेले यसपटकको सहभागितालाई विश्व सम्मेलनमा भाग लिने मतदान दिनमा मात्र सीमित राखेन । सकेसम्म विभिन्न तप्का र तहलाई भेटी बेलायतका नेपालीहरूको अवस्था र समस्याका बारेमा जानकारी गरायो । साथै नेपालका विभिन्न क्षेत्रमा भइरहेका प्रगति र परिवर्तनका बारेमा जानकारी लिन समेत भ्यायो । नेपाल ब्रिटेन चेम्बर अफ कमर्श तथा ईण्डष्ट्रीका अध्यक्ष श्री राजेन्द्र कुमार खेतान तथा विभिन्न निकायका वरिष्ठ व्यक्तित्वहरूसंग अत्यन्तै उपलब्धीमुलक अनौपचारिक छलफल समेत भएको थियो । उता, एनआरएनको सचिवालयमा विभिन्न पदमा आकांक्षा देखाएका युकेका प्रतिनिधिहरू सबैको सपना साकार हुन नसके पनि युके खाली हात भने फर्कनु परेन । यसरी समग्रमा हेर्दा एनआरएनए युकेको विश्व सम्मेलनमा सहभागिता सफल मान्नुपर्दछ तथापि लाखौं रूपिया खर्चिएर सहभागिता जनाइने यस्ता सम्मेलनका सहभागितालाई भविष्यमा अझ कसरी प्रभावकारी बनाउने भन्ने बारेमा भने छलफल गर्नुपर्ने देखिन्छ ।

*(सराङकोटी एनआरएन यूकेका प्रवक्ता हुन् ।)*

# सबैको साझा संस्था बनाउंछौं

गत सेप्टेम्बर ९ तारिखमा सम्पन्न अधिवेसनबाट एनआरएन यूकेको नेतृत्व पाए योगकुमार फगामीले । भूतपूर्व गोर्खाको पृष्ठभुमि, थुप्रै सामाजिक संघसंस्थाका महत्वपुर्ण जिम्मेवारी सम्हालिसकेको अनुभव र एनआरएन अभियानमा लामो समयदेखिको अविच्छिन्न समर्पण फगामीका मुख्य विशेषताहरू हुन् ।

एनआरएन यूकेको सन् २०१३ मा निर्वाचित कार्यसमितिमा महासचिव तथा सन् २०१५ को कार्यसमितिमा उपाध्यक्षको जिम्मेवारी वहन गरेका फगामीले सन् २०१७ देखि २०१९ सम्मको कार्यकालमा अध्यक्षको जिम्मेवारी पाएका छन् ।

फगामी नेतृत्वको कार्यसमितिको पहिलो १ सय दिन पूरा हुंदै गर्दा अध्यक्ष फगामीलाई सोधिएका केहि प्रश्न र तीनको जवाफ यहां प्रस्तुत छन् ।

**पहिलो १ सय दिनको अनुभव कस्तो रह्यो ?**

निकै सुखद । अध्यक्ष निर्वाचित हुंदै गर्दा ममा जुन उत्साह थियो, त्यो अहिले अझै बढेको महसुस हुन्छ मलाई । मैले निर्वाचित हुनुअघि बेलायतबासी सम्पुर्ण गैरआवासीय नेपालीहरूमाझ केहि प्रतिबद्धताहरू गरेको थिए । सोहिअनुसार काम गर्ने र संस्थालाई अघि बढाउने मेरो एक मात्र प्राथमिकता छ । मलाई विश्वास गरेर बेलायतबासी नेपाली दाजुभाइ, दिदीबहिनीले आफ्नो मत दिनुभएको छ । यो मेरो जीवनकै एक महत्वपुर्ण अवसर हो र मप्रतिको उहांहरूको विश्वासअनुरूप नै काम गर्नको लागि चुनौति पनि ।

सहि दिशामा कामहरू सुरू भएका छन्, काम गर्न सहज हुने र परिणाम प्राप्त हुने गरी संरचनाहरू तयार हुंदैछन् । २ वर्षे कार्यकालको बांकी समयलाई परिणाममुखी काममा केन्द्रित गर्नका लागि आवश्यक जग बसाल्ने काम पहिलो १ सय दिनमा हामीले गर्न सकेका छौं भन्न पाउंदा मलाई खुशी लागेको छ ।

**यो अवधिमा के के भए काम ?**

अहिले भर्खर पहिलो एक सय दिन पूरा हुंदैछ । २ वर्षे कार्ययोजनाका साथ संस्थामा काम गर्न भनेर हामीहरू आएका छौं । त्यसैले पक्कै पनि सबै निश्कर्ष निस्किने वा परिणाम हात लाग्ने समय त भइसकेको छैन । तर हामीले यो समयभित्र जति सुरूआत गर्न सक्थ्यौं, त्यति अवश्य गरेका छौं ।

सबभन्दा महत्वपुर्ण कुरा हामीले विभिन्न विषयत विभागहरू गठन गरेका छौं । त्यसका संयोजकहरू चयनका साथै सबै विभागमा सम्बन्धित विषयका जानकार तथा सरोकारवालाहरूलाई समेटेर समिति गठन गर्ने काम पनि पूरा भइसकेको छ । क्षेत्रीय अवधारणामा जाने भन्ने संस्थाको धेरै पहिलेदेखिको अधुरो कार्यक्रमलाई मुर्त रूप दिन सम्बन्धित विभागमार्फत प्रक्रिया अगाडी बढाइसकेका छौं । अब केहि साताभित्रै क्षेत्रीय समिति तथा राज्य समितिहरू समेत गठन हुने प्रक्रियामा छन् ।

हाम्रो आफ्नै कार्यालय पनि सुरू भइसकेको छ । अब संस्थाका सबै कामहरू यहि कार्यालयबाट सञ्चालन हुनेछन् । यसबाट हाम्रा सम्पुर्ण सदस्यहरू र बेलायतबासी नेपालीहरूले लाभ लिन सक्नुहुनेछ भन्ने हाम्रो विश्वास छ ।

**विश्व सम्मेलनमा कस्तो रह्यो सहभागिता**

हामी निर्वाचित भएको २ महिना लगत्तै नै काठमाडौंमा विश्व सम्मेलन परेको थियो । त्यसैले हामीले कार्यभार ग्रहण गरेलगत्तै त्यसको तयारी सुरू गरेका थियौं । यस पटकको विश्व सम्मेलनमा पनि बेलायतको तर्फबाट जबरजस्त सहभागिता भयो । बेलायतबाट आईसिसीमा उम्मेदवारी दिने सबै साथीहरूको सहयोगका लागि हामीले प्रयत्न गरेका थियौं । सम्मेलनको पूर्वसन्ध्यामा सबै हाम्रा उम्मेदवार र डेलिगेट्सलाई एक साथ जम्मा पारेर भेला समेत गर्‍यौं । निर्वाचनको परिणाम सबै साथीहरूको पक्षमा सुखद रहन नसकेपनि केन्द्रीय उपाध्यक्ष, युरोपको महिला उपसंयोजक जस्ता पदमा बेलायतबाटै गएका उम्मेदवारहरू विजयी हुनुभएको छ ।



नेपालमा रहंदा हामीले नेपालका नीतिनिर्माताहरूसंग पनि भेट्ने, छलफल गर्ने र सम्बन्धित विषयका हाम्रा आवाज उनीहरूसमक्ष राख्ने कामहरू गर्‍यौं । त्यसक्रममा उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायतसंग भेटेर बेलायतबासी सम्पुर्ण गैरआवासीय नेपालीहरूका भावना र विभिन्न समस्याहरूबारे जानकारी गराउने तथा सरकारको तर्फबाट हुनसक्ने सहयोगका लागि आग्रह समेत गर्‍यौं ।

**बांकी कार्यकालका लागि के छन् मुख्य योजना ?**

यो कार्यकालको हाम्रो मुख्य लक्ष्य नै संस्थालाई हामी सबैको साझा बनाउने काम हो । सोहि प्रयोजनमा अघि बढ्नको लागि सबै विभागहरूलाई जिम्मेदारी दिएका छौं र सबैले उत्साहित भएर काम गर्न सुरू गर्नुभएको छ । एक एनसिसीको रूपमा आइसिसीको नीतिअनुसार गर्नुपर्ने कामहरू त छदैछन्, हाम्रो बेलायतको नेपाली समुदायमा ग्रासरूटमा पुगेर संस्थाले समुदायको लागि के भुमिका गर्न सक्छ र समुदायले संस्थाका लागि के गर्न सक्छ, त्यहिअनुसार काम गर्ने हाम्रो प्राथमिकतामा छ । यो अर्थमा सिंगो समुदाय, सबै संघसंस्थासंग सहकार्य गर्ने र संगठन विस्तार गर्ने कार्यलाई महत्व दिनेछौं ।

**मुख्य मुख्य कार्यक्रम के छन् त ?**

संस्थाले हरेक कार्यकालमा वान एनसिसी वान प्रोजेक्ट अन्तर्गत गर्दै आएको च्यारिटीलाई निरन्तरता दिनेछौं । संस्थाको कोषका लागि समेत च्यारिटी कार्यक्रमहरू गरिनेछ ।

हामीले लण्डनस्थित नेपाली दूतावाससंग निकै नजिक रहेर सहकार्य गर्न चाहन्छौं र त्यहिअनुसार सहकार्य सुरू पनि गरेका छौं ।

एनआरएन यूकेको महत्वाकांक्षी नेपाल हाउस प्रोजेक्टलाई पनि महत्वका साथ अघि बढाउनेछौं । पछिल्लो कार्यसमितिको निर्णयअनुसार अब नेपाल हाउस निर्माणको प्रोजेक्टलाई च्यारिटी मोडलबाट सामुहिक लगानीको मोडेलमा लगिनेछ ।

हामीले यहांस्थित सबै नेपाली संघसंस्थासंग पनि निकै नजिक रहेर काम गर्न चाहन्छौं ।

**एनआरएनप्रति जति ठूलो चासो छ, त्यति बढि गुनासोहरू पनि । तपाईको पालामा संस्थामा के के सुधार गर्ने योजना छ ?**

विगतमा सदस्यता शुल्क केहि बढि हुन पुगेको थियो । अब यसलाई मिनिमाइज गर्ने तयारीमा छौं । सदस्यता लिने प्रक्रिया पनि बढि झञ्झटिलो नहोस भनेर थप सहज बनाउने योजना छ । अर्कोपटक एनआरएन यूकेको निर्वाचनमा अनलाइन मतदानको व्यवस्था गराउनका लागि हामीले तयारी सुरू गरिसकेका छौं । सदस्यता प्रक्रिया पनि अनलाइनबाटै गर्दा थप प्रभावकारी हुनेछ भन्ने अपेक्षा छ ।

हामीले हालै एनआरएन यूकेको कार्यालय पनि सुरू गरेका छौं । यसबाट पनि संस्थाका सदस्यहरू र समुदायसंगको सम्बन्ध थप सुदृढ गर्न सहयोग पुग्नेछ भन्ने आशा गरेका छौं । जे जति सक्छौं, समुदायले अपनत्व महसुस गर्ने संस्था निर्माणमा लागेका छौं । समुदायका हरेक समस्यामा सकेजति सहयोग गर्न सकौं भन्ने छ । सबैको साथ, सहयोग पायौं भने अवश्य गर्न सफल हुनेछौं भन्ने विश्वास छ ।

# कहाँ पुग्यो नागरिकताको कानुनी लडाईं ?

**गैरआवासीय** नेपाली संघ बेलायतको अध्यक्षमा सूर्य गुरूङ्ग रहेको समयमा नेपाली सन्देश साप्ताहिकको बार्षिक कार्यक्रम २७ सेप्टेम्बर, २००९ का दिन गोविन्द बेल्वासेले एक कार्यपत्र पेश गरे । त्यो कार्यपत्रमा Afroyim v. Rusk, 387 U.S. 253 (1967) नजिरका आधारमा नेपालको सर्वोच्च अदालतमा मुद्दा हालेर नागरिकता ऐनको दफा १० खारेज गराउन सकिने सम्भावना उजागर भयो । नागरिकता ऐन २०६३ को दफा १० मा नेपाल बाहेक अरू देशको नागरिकता स्वेच्छाले ग्रहण गर्ना साथ नेपाली नागरिकता स्वतः खारेज हुने प्रावधान रहेकोले उक्त प्रावधान हट्ना साथ एक पटकको नेपाली सधैको नेपाली भन्ने एनआरएनको नारा सार्थक हुने उक्त कार्यपत्रको मुल मर्म थियो ।

वि.सं. २०७२ सालको असोज ३ गते संविधान घोषणा भएपछि त्यसै महिनाको २४ गते विदेशको नागरिकता ग्रहण गरिसकेको तर, नेपालको नागरिकता स्वेच्छाले परित्याग नगरेको निवेदकको हैसियतमा सुरेन्द्र बहादुर श्रेष्ठका नामबाट एउटा मुद्दा र विदेशको



नागरिकता ग्रहण नगरेको नेपाली नागरिककै हैसितले गोविन्द बेल्वासे निवेदक बनेर मुद्दा दर्ता गरायौं ।

मुद्दा दर्ता भएदेखिका सवै विवरण नागरिकता बचाउ अभियानका रूपमा www.keepcitizenship.org सञ्चालन गरेका छौं । इमेल इत्यादि मार्फत प्राप्त भएका सकारात्मक नकारात्मक प्रतिकृयाहरू



समेत वेवासइटमा राख्दै गएका छौं । मुद्दा हाल्ने अवस्थामा पुगिसकेपछि मुद्दाको ड्राफ्ट गरेर प्रो. डा. ब्यारिस्टर सूर्य सुवेदी(क्यूसी)लाई पठाएका थियौं । उहां त्यसमा सकारात्मक हुनुभयो र "गो अहेड" भनेर इमेल पठाएपछि मुद्दा दर्ता गराएका हौं ।

अधिवक्ता भिमार्जुन आचार्यको सक्रियतामा निवेदक महेश कुमार श्रेष्ठबाट धारा २९१ लगायतको संविधानको व्यवस्था बाझिएको तथा अस्पष्ट रहेकोले 'हार्मोनाइज' व्याख्या गरीपाउं भनेर वि.सं. २०७२ साल मंसिर ७ गते सर्वोच्च अदालतमा निवेदन दर्ता गराउनुभएको छ ।

सैद्धान्तिक हिसाबले मुद्दामा उठाइएको विषय निकै गम्भीर छ । विषय गम्भीर भएकोले पहिलो पेशीको बहसमै माननीय प्रधान न्यायाधीश कल्याण श्रेष्ठ सहमत हुंदै विषयको गम्भीर्यताको विषयमा आफुले पनि अध्ययन गर्ने र लिखित बहस नोट प्रस्तुत गर्न आदेश दिनु भयो । अमेरिकामा सन् १९६७ मा एफ्रोइमको मुद्दामा प्र.न्या. वारेनको विचारलाई बहुमतले नजिरका रूपमा प्रतिपादन गर्‍यो र नागरिकले स्वेच्छाले नागरिकता परित्याग नगरेसम्म विधायिकालाई नागरिकता खोस्ने कानुन बनाउने अधिकार छैन भन्ने सिद्धान्त प्रतिपादन भयो । हाम्रो मुद्दाको सैद्धान्तिक आधार त्यही नै हो ।

कारण देखाउ आदेश जारी भइसकेपछि पेश भएका विपक्षी बनाइएका प्रधानमन्त्री, कानुन मन्त्री र सभामुखबाट पेश भएका लिखित जवाफमा खासै नजिर र निवेदन तथा बहसनोटमा उठाइएका सैद्धान्तिक बहसमा जिकिर गरिएको छैन । हुन त कानुन, संविधान र न्यायका सिद्धान्तका विषयमा बहसकै दौरानमा पनि छलफल हुन भने सक्छ । लिखित जवाफ दह्रो रूपबाट जति जटिल हुनुपर्ने त्यति छैन भनेर हामी हौसिनपर्ने तथा निरास हुनपर्ने अवस्था पनि छैन ।

धारा १ र १३३ अनुसार संविधानसंग नागरिकता ऐनको दफा १० बाझिएकोले खारेज गर्ने विषय संविधानमा नै संबैधानिक इजलासबाट सुनुवाइ हुनुपर्ने ब्यवस्था गरिएको छ । अवको पेशी तारिख १७ जनवरी २०१८लाई तोकिएको छ र हाम्रो मुद्दाको सुनुवाइ हुने सम्भावना प्रवल छ ।

यसैबीच एनआरएनले नेपालमा पेशा, व्यवसाय गर्न पाउने कानूनी हकका आधारमा अधिवक्ताको प्रमाणपत्र नविकरण गर्न निवेदन दिंदा कानून व्यवसायी परिषदले सुरेन्द्र श्रेष्ठको लाइसेन्स रिन्यू नगरिदिएकाले त्यसका विरूद्ध छुट्टै रिट निवेदन सर्बोच्चमा दर्ता गरिएको छ । त्यसमा कारण देखाउ आदेश जारी भएको छ । पेशीमा चढेको छैन ।

# एनआरएन यूके यहांसम्म आइपुग्दा

लण्डन । गैरआवासीय नेपाली अभियानको जन्मदाता मुलुकको रुपमा लिइन्छ बेलायतलाई । त्यसैले स्वभाविकतः नै गैरआवासीय नेपाली संघ एनआरएनएको स्थापनासँगै बेलायतमा पनि यसको संगठन विस्तार र गतिविधीहरु सुरु भएको पाइन्छ। सन् २००५ मा महन्त श्रेष्ठको अध्यक्षतामा पहिलो संस्थापन समिति गठन भएदेखि सन् २०१७ सम्म आइपुग्दा योगकुमार फगामीको अध्यक्षतामा गैरआवासीय संघ बेलायतको सातौं कार्यसमिति बनिसकेको छ । स्थापनकालदेखि यसअघिका सबै अध्यक्षहरु नेतृत्वका कार्यसमितिका पालामा भएका केहि विशेष पहल तथा महत्वपुर्ण उपलब्धीहरुलाई निकै नै संक्षिप्त रुपमा यहां प्रस्तुत गरिएको छ ।

**महन्त श्रेष्ठ (सन् २००५ – २००६)**



गैरआवासीय नेपाली संघ बेलायतको संस्थापन समितिको नेतृत्व गर्ने जिम्मेवारी पाएका थिए महन्त श्रेष्ठले । आज संस्था जुन हैसियत र उचाइमा छ, त्यसको आधारशिला तयार गर्ने क्रमको सुरुआत यहि समितिको अगुवाइमा भएको थियो ।

तत्कालिन समयमा बेलायतमा क्रियाशिल नेपाली संघसंस्थाहरुको संख्या अहिलेको तुलनामा नगण्य जस्तै थियो । जसकारण पनि गैरआवासीय नेपाली संघ बेलायतका नेपालीहरुका लागि थप औचित्यपुर्ण ठानिएको थियो ।

त्यसबेलाको संस्थाको सबैभन्दा ठूलो उद्धेश्य नै बेलायतबासी सम्पुर्ण नेपालीहरुलाई एकताबद्ध गर्नु थियो । सोहि प्रयोजनमा यो समितिले पहिलोपटक बेलायतमा सक्रिय रहेका सबै नेपाली संघसंस्थाका प्रतिनिधी बोलाएर एक भेला आयोजना गरेको थियो । जहां अभिव्यक्त भएका भावना, धारणा र समस्याहरुलाई हेरेरै संस्थालाई अघि बढाउन सकिन्छ भन्ने विश्वास अभियन्ताहरुलाई थियो ।

यो संस्थापन समितिले गरेको एक महत्वपुर्ण काम फण्ड बास्केट थियो । एनआरएन यूकेको सञ्चालन चन्दाकै भरमा मात्र गरिनुहुन्न भनेर संस्थाको लागि कोष जम्मा गर्ने अभियान सुरुआत गरिएको थियो । बेलायतमा सुरु यो अभियानलाई पछि अन्य मुलुकका एनसिसीहरुले समेत पछ्याएका थिए ।

यो संस्थापन समितिले एनआरएन यूकेको पहिलो अधिवेसन आयोजना गरेर पुर्ण प्रजातान्त्रिक तवरले निर्वाचनको माध्यमबाटै नेतृत्व हस्तान्तरण गरेको थियो । यहि बेलादेखि सुरु भएको अभ्यासले अहिले पनि निरन्तरता पाइरहेको छ र संस्थालाई झन्झन् परिपक्व बनाउँदै लगेको छ ।

**२ अशोक श्रेष्ठ (सन् २००६ - २००८)**



अशोक श्रेष्ठ गैरआवासीय नेपाली संघ बेलायतको पहिलो अधिवेसनबाट चुनिएका कार्यसमितिका अध्यक्ष हुन् । उनले सन् २००६ देखि २००८ सम्म संस्थालाई नेतृत्व प्रदान गरे ।

श्रेष्ठको अध्यक्षतामा रहेको एनआरएन यूकेको दोस्रो कार्यसमितिले कैयौं त्यस्ता महत्वपुर्ण कामहरु गर्‍यो जसले भर्खरै जरा हाल्दै गरेको संस्थालाई थप बलियो बनाउन धेरै सहयोग पुर्‍यायो ।

यो कार्यसमितिले लण्डनमा एनआरएन यूकेको आफ्नै कार्यालय स्थापना गरेको थियो । जसको सञ्चालनको लागि कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुबाट डाइरेक्ट डेबिटमार्फत कोष उठाइएको थियो । आफ्नै कार्यालय स्थापना गरिएपछि यसले संस्था र सर्वसाधारण गैरआवासीय नेपालीबीच सम्पर्क बढाउन र संगठन बिस्तार गर्न ठूलो भुमिका खेलेको थियो ।

एनआरएनको माध्यमबाट नेपालमा परोपकार गर्ने सवालमा पनि यो कार्यसमितिले एक महत्वपुर्ण जग बसालेको थियो । नेपालको तराई क्षेत्रका बाढीपीडितको लागि १५ लाख रुपिया बढिको कोष जम्मा गरेर राहतस्वरुप पठाइएको थियो । तत्कालिन समयमा कुनै एक संस्थाले यति ठूलो रकम संकलन गरेर नेपालका दैवीप्रकोप पीडितहरुका लागि पठाउनु आफैमा प्रशंसनीय र महत्वपुर्ण कार्य थियो ।

त्यस्तै, यहि कार्यसमितिकै पालामा गैरआवासीय नेपालीहरुको दोहोरो नागरिकताको मागलाई नेपालको सरकार र राजनीतिक दलका नेताहरुसमक्ष जोडदार ढंगले पुरयाउने काम भएको थियो । नेता कृष्णबादुर महरासहित ततकालिन सरकारका मन्त्री र राजनीतिक दलका नेताहरु समेतलाई बेलायतमै ल्याएर दोहोरो नागरिकताबारे अन्तरक्रिया गराइएको थियो ।

**मेजर रिटायर्ड डमर घले (सन् २००८ – २००९)**



गैरआवासीय नेपाली संघको दोस्रो कार्यसमितिको नेतृत्वमा आए मेजर रिटायर्ड डमर घले । त्यसअघि संघको सल्लाहकार रहेका घले निर्वाचनमार्फत अध्यक्ष चुनिएका थिए । सन् २००८ देखि २००९ सम्मको घले नेतृत्वको सिंगो कार्यसमिति नै निर्वाचनबाट चयन भएर आएको थियो ।

दुई वटा फरक फरक प्यानलबाट निर्वाचित भएर आएको कार्यसमितिलाई एक ढिक्का बनाएर अगाडि बढाउनु नै त्यस कार्यसमितिको सबैभन्दा महत्वपुर्ण उपलब्धी थियो । जसले संस्थालाई दिर्घकालसम्मलाई हित गर्ने गरी आधार बनाउन मद्धत मिल्यो ।

सिंगो कार्यसमितिमा नै निर्वाचन हुंदै गर्दा त्यसले बेलायतको सिंगो नेपाली समुदायमा संस्थाप्रतिको चासोलाई पहिलोपटक ह्वात्तै बढाइदियो । जसकै परिणामस्वरुप संस्थाको सदस्य संख्यामा समेत उल्लेख्य बृद्धि भएको थियो ।

यहि कार्यसमितिले एउटा वेलफेयर च्यारिटी गरेको थियो जसमा सबै खर्च कटाएर १५ हजार पाउण्डको कोष जम्मा भएको थियो । यो रकमलाई संस्थाको कोषका रुपमा राखियो र कैयौं वर्षपछिसम्म पनि संस्थाको सञ्चालनका लागि यसले मद्धत गर्‍यो ।

एक एनसिसी एक च्यारिटीको अवधारणाअन्तर्गत यो कार्यसमितिले पश्चिम नेपालको विकट गाउंस्थित द्धन्द्धपीडित बालबालिका अध्ययनरत एक विद्यालयलाई सहायता उपलब्ध गराएको थियो ।

अध्यक्ष घलेकै पालामा एनआरएन यूके र सेन्टर फर नेप्लिज स्टडिज (सिएनएस) यूकेबीचको सहकार्यमा बेलायतमा रहेका नेपालीहरुको बारेमा एक बुकलेट प्रकाशित गरिएको थियो । त्यसक्रममा एनआरएन यूकेले १२ हजार पाउण्ड रकमसहितको सहयोग सिएनएस यूकेलाई उपलब्ध गराएको थियो ।

एनआरएनको आईसिसीसंग अधिवेसन हुने समयको तालमेल मिलाउनका लागि ६ महिना अघि नै अधिवेसन गरिएपछि यो कार्यसमितिको कार्यकाल डेढ वर्षमै सकिएको थियो ।

**४ सुर्य गुरुङ (सन् २००९ – २०११)**

सन् २००९ देखि २०११ सम्मको गैरआवासीय नेपाली संघ बेलायतको तेस्रों कार्यसमिति सुर्य गुरुङको अध्यक्षतामा गठन भएको थियो ।

एनआरएन बेलायतको इतिहासमै सर्वसम्मतिमा सिंगो कार्यसमिति नै गठन भएको यो पहिलो पटक थियो । अध्यक्ष गुरुङले त्यसअघि संस्थामा कोषाध्यक्ष, उपाध्यक्ष लगायतका महत्वपुर्ण जिम्मेवारी सम्हालिसकेका थिए ।



अध्यक्ष गुरुङ नेतृत्वको कार्यसमितिले नै एनआरएन बेलायतमा काउन्सिल बैठकको अवधारणा ल्याएर यसको सुरुआत गराएको थियो । हरेक कार्यसमितिले आफ्नो कार्यकालमा एकपटक बेलायतस्थित सबै संघसंस्थाका प्रतिनिधीहरुलाई एकैठाउं भेला गरेर छलफल गर्ने यो परिपाटीले संस्थालाई सबैको साझा महसुस गराउन टेवा पुर्‍याएको छ ।

गैरआवासीय नेपालीहरुको दोहोरो नागरिकतासम्बन्धी मागका पक्षमा प्रभावकारी रुपमा लबिंग गर्न र दबाब सिर्जना गर्न यो कार्यसमितिले एक महत्वपुर्ण काम गरेको थियो । एनआरएन यूकेकै अग्रसरतामा हरेक मुलुकमा रहेका एनआरएनका एनसिसीहरुले सम्बन्धित मुलुकस्थित नेपाली दूतावासमार्फत नेपालको सरकारलाई दोहोरो नागरिकताको मागसहित ज्ञापनपत्र बुझाएका थिए ।

त्यसबेला एनआरएन यूकेको टोली त आफै नेपाल पुगेर राष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायतलाई ज्ञापनपत्र बुझाएको थियो ।

यहि तेस्रो कार्यसमितिले नै नेपाली संगीतका स्रष्टाहरुको सम्मानमा बेलायतमा ट्रिब्युट टु द लेजेण्ड शीर्षकको एक ऐतिहासिक सँगीतिक कार्यक्रम आयोजना गर्‍यो । १८ सय भन्दा बढि बेलायतबासी नेपाली उपस्थित भएर हेरेको उक्त कार्यक्रमले संस्था र समुदायबीचको सम्बन्ध सुदृढिकरण गर्न तथा संस्थाप्रतिको उनीहरुको धारणालाई थप सकारात्मक गराउन ठूलो भुमिका खेल्यो ।

विभिन्न परोपकारी कामहरुको लागि पनि गुरुङ नेतृत्वको कार्यसमितिले थुप्रै कामहरु गरेको थियो । बेलायतमा मृत्यु भएका, दुर्घटनामा परेका, क्यान्सरबाट पीडित भएका लगायतका झण्डै दुई दर्जन पीडित नेपाली तथा उनका आफन्तलाई एनआरएन यूकेका तर्फबाट कोष संकलन गरी सहायता उपलब्ध गराइएको थियो ।

**५ कुल आचार्य (सन् २०११ – २०१३)**



कुल आचार्य गैरआवासीय नेपाली संघ बेलायतको चौंथो कार्यसमितिमा अध्यक्ष निर्वाचित भए । सन् २०११ देखि २०१३ सम्मको आचार्य नेतृत्वको कार्यसमितिको पालामा च्यारिटी, सामुहिक लगानी, दोहोरो नागरिकताको अभियान लगायतका कैयौं क्षेत्रमा महत्वपुर्ण कामहरु भएका थिए ।

एनआरएन यूकेको चौंथौं कार्यसमितिले वान एनसिसी वान प्रोजेक्ट अन्तर्गत जुम्लाको विकट ठाउंमा प्रसुति गृह निर्माणको काम गरेको थियो । नेप्लिज नर्सिंग एशोसिएसनसंगको सहकार्यमा ३५ लाख रुपियामा स्थापित सो प्रसुति गृहलाई ५ वर्षसम्म सञ्चालन गरेर अहिले नेपाल सरकारको जिम्मा लगाइएको छ ।

त्यस्तै, अध्यक्ष आचार्यकै पालामा नेपाल पत्रकार महासंघ यूकेसंगको सहकार्यमा पत्रकारहरुको स्तरबृद्धिको लागि सहयोग गर्न भन्दै एक च्यारिटी कार्यक्रम गरेर १६ लाखको अक्षयकोष स्थापना गरिएको थियो । एनआरएन यूके, नेपाल पत्रकार महासंघ यूके र एनआरएन आईसिसीबीचको समन्वयमा सो कोषबाट हरेक दुई वर्षमा गैरआवासीय नेपालीहरुको पक्षमा कलम चलाउने दुई पत्रकारहरुलाई पुरस्कृत गर्दै आइएको छ ।

गैरआवासीय नेपाली संघ केन्द्रको कार्यक्रमअनुसार सामुहिक लगानी नेपालमा लैजाने अभियानको पहिलो कार्यक्रम एनआरएन यूकेकै संयोजनमा बेलायतमै सम्पन्न भएको थियो । झण्डै १ मिलियन पाउण्डको लगानी नेपालमा भित्रिएको सो अभियानमा बेलायतबाट पनि ७२ जना एनआरएनले लगानी गरेका थिए ।

यो कार्यसमितिले गरेको अर्को प्रशंसनीय काम नेपालको पहिलो ओलम्पियन भूपेन्द्र सिलवाललाई सन् २०१२ को लण्डन ओलम्पिक हेर्न लण्डन ल्याउनु हो । जसले गर्दा समग्र खेलजगत मात्रै नभएर सिंगो देशमै एनआरएनको बारेमा निकै सकारात्मक सन्देश प्रवाह हुन सफल भएको थियो ।

दोहोरो नागरिकताको मुद्धालाई कडा रुपमा सम्बन्धित फोरमहरुमा प्रस्तुत गर्ने, दर्जनौं परोपकारी कामहरुमा सहयाता गर्ने लगायतका कामहरु पनि यो कार्यसमितिको पालामा भएका थिए ।

**६ योगेन बाहदुर क्षेत्री (२०१३ – २०१४)**



एनआरएन यूकेको सन् २०१३ मा सम्पन्न पांचौं अधिवेसनबाट अध्यक्षको जिम्मेवारीमा आए योगेनबहादुर क्षेत्री । क्षेत्री नेतृत्वको कार्यसमितिले संस्थामा जिम्मेवारी लिने बेलैदेखि संस्थाभित्र केहि विवादहरु सुरु भएपनि त्यसको बाबजुद सो कार्यसमितिले केहि उल्लेखनीय कामहरु गर्न सफल भएको थियो ।

यो कार्यसमितिले वान एनसिसी वान प्रोजेक्ट अन्तर्गत म्याग्दीको गलेश्वरमा एक बृद्धाश्रम निर्माण गर्‍यो । एनआरएन यूकेको झण्डै ८४ लाख रुपियाको लागतमा देशकै सबैभन्दा सुविधासम्पन्न बृद्धाश्रम निर्माण गरिएको थियो ।

क्षेत्री नेतृत्वकै कार्यसमितिकै पालामा एनआरएन यूकेले बेलायतमा एक अन्तर्राष्ट्रिय स्तरको तेक्वान्दो प्रतियोगिता आयोजना गरेको थियो । २० देशका ३ सय खेलाडी सहभागी प्रतियोगिताका लागि नेपालबाट समेत झण्डै १ दर्जन खेलाडी बेलायत आएका थिए । एनआरएन यूकेले प्रतियोगिता सञ्चालन गर्न ५० हजार पाउण्डको कोष संकलन गरेको थियो ।

त्यस्तै, काठमाडौंमा निर्माण हुने एनआरएन भवनको लागि यहि कार्यसमितिले ३० लाख रुपिया केन्द्रीय अधयक्ष शेष घलेलाई हस्तान्तरण गर्‍यो । सो भवनका लागि रकम जम्मा गरेर पठाउने एनआरएन बेलायत नै पहिलो एनसिसी बनेको थियो ।

संस्थाको आर्थिक पारदर्शिताका सम्बन्धमा उठेका कैयौं प्रश्नहरुको समाधान गर्ने उद्धेश्यले यो कार्यसमितिले एक स्वतन्त्र छानबिन समिति गठन गरेको थियो । समितिले अध्ययन परिवर्तन सार्वजनिक गरेपछि यसबाट संस्थाप्रतिको समुदायको विश्वासलाई बढाउन टेवा मिलेको थियो ।

संस्थाभित्रको नेतृत्व विवादलाई सुल्झाउने प्रयासस्वरुप गरिएको सर्वपक्षीय सहमतिअनुरुप १ वर्षे कार्यकालपछि नै यो कार्यसमितिले नेतृत्व हस्तान्तरण गरेको थियो ।

**७ महेन्द्र कंडेल (२०१४ – २०१५)**



गैरआवासीय नेपाली संघ बेलायतभित्रको विवादलाई साम्य पार्दै एकताबद्ध रुपमा अघि बढ्नको लागि गरिएकोसहमतिअनुरुप महेन्द्र कंडेलले १ वर्षे कार्यकालको नेतृत्व गरे । सन् २०१४ देखि २०१५ सम्मको १ वर्षे अवधिमा पनि उनी नेतृत्वको कार्यसमितिले केहि महत्वपुर्ण कामहरु गर्न सफल भएको थियो ।

यो कार्यसमितिले गरेको सबैभन्दा ठूलो उपलब्धी संस्थाको विधानमा क्षेत्रीय अवधारणालाई मुर्तता दिनु नै हो । यसअघि लामो समयदेखि संस्थालाई क्षेत्रीय अवधारणामा लैजाने भनेर गरिएको प्रयत्नलाई सार्थकता दिदै यो कार्यसमितिले अधिवेसनमार्फत विधानमै सो व्यवस्था गराएको थियो ।

त्यस्तै, एनआरएन यूकेको सदस्यता लिनेहरु सबैलाई परिचयपत्र बनाएर वितरण गरिएको थियो । यसले संस्थाका सदस्यहरुको त्यसअघि रहंदै आएको गुनासोलाई सम्बोधन गरेको थियो । सबै सदस्यहरुलाई सहज पहुंच हुने गरेर एनआरएन यूकेको कार्यालय समेत स्थापना गरिएको थियो ।

अध्यक्ष कंडेलकै पालामा बौद्धिक सर्कललाई एनआरएनसंग जोड्ने प्रयतनस्वरुप बेलायतमा रहेका पिएचडी होल्डर नेपालीहरुको एक फोरम बनाएर उनीहरुको ज्ञान, सीप र दक्षता नेपालका लागि कसरी उपयोगी हुन सक्छ भन्ने विषयमा लण्डनमा अन्तरक्रिया गरिएको थियो ।

यसैगरी यहि कार्यसमितिले स्वास्थ्य तथा कानुनी क्षेत्रका विज्ञहरुलाई छुट्टाछुट्टै रुपमा बेलायतका विभिन्न क्षेत्रका नेपालीहरुमाझ लगेर निशुल्क परामर्श कार्यक्रमहरु पनि गराएको थियो । डाक्टर, नर्स सहितको स्वास्थ्य टोलीका साथै सोलिसिटर, इमिग्रेसन एड्भाइजरसहितको लिगल एक्सपर्टहरुको टोलीले मिडल्याण्डसहित बेलायतका केहि स्थानमा स्वास्थ्य तथा कानुनी समस्यासम्बन्धी विषयमा निशुल्क परामर्श गराएको थियो । यी कार्यक्रमहरुले बेलायतबासी सर्वसाधारण नेपाली र एनआरएन यूकेबीचको सम्बन्ध सुदृढिकरण गर्न सहयोग गरेका थिए ।

**८ मुक्षेत्र गुरुङ (सन् २०१५ – २०१७)**



केहि वर्षदेखि संस्थामा देखिएको विवाद निर्मुल गरेर सर्वसम्मतिमा गठन गरिएको छैठौं कार्यसमितिको नेतृत्व गर्ने मौका मुछेत्र गुरुङले पाएका थिए । सन् २०१५ देखि २०१७ सम्मको गुरुंग नेतृत्वको कार्यकालमा संस्था उदाहरणीय रुपमा एक ढिक्का भएर क्रियाशिल बनेको थियो ।

एनआरएन यूकेमा केहि वर्षअघि देखि नै चर्चा गरिंदै आएको नेपाल हाउसको महात्वाकांक्षी प्रोजेक्टलाई मूर्तता दिने सुरुआत् यहि कार्यसमितिले गर्‍यो । नेपाल हाउसका लागि ४५ हजार पाउण्ड संकलन भइसकेको छ । यसमा प्रतिबद्धता २ लाख पाउण्ड बढिको आइसके पनि अरु रकम उठ्न बांकी छ ।

मुछेत्र नेतृत्वको कार्यसमितिले परोपकारी कामहरुमा पनि संस्थालाई सधै अग्रपंक्तिमा उभ्याइरहयो । भूकम्पपछि पीडितलाई राहत, पुर्नस्थापनामा ठूलो सहायतादेखि औषधिको हाहाकार हुंदा औषधि पठाउनेसमेतका कामहरु भए । अध्यक्ष गुरुङकै नेतृत्वमा एनआरएन यूकेको टोली ८ दिनसम्म लाप्राकमा रहेर त्यहांको नमुना बस्ती निर्माण अभियानमा भौतिक रुपमै खटियो ।

तराईका विभिन्न भागमा आएको बाढीका कारण पीडित भएकाहरुको लागि समेत राहतस्वरुप संस्थाले सहायता पठाएको थियो । वान एनसिसी वान प्रोजेक्ट अन्तर्गत पांचथरको सिसिरे स्कुललाई सहयोग गरिएको थियो ।

एनआरएन यूकेका सबै सदस्यहरुलाई परिचयपत्र पठाउने र बेलायतस्थित कैयौं पसल, रेष्टुरेन्ट लगायतमा एनआरएन यूकेको परिचयपत्र देखाएर निश्चित छुट पाउने कार्यक्रम समेत यो कार्यसमितिले सफलतापूर्वक सञ्चालन गरेको थियो । यसअघि सदस्यहरुको विवरण राख्ने झञ्झटिलो व्यवस्थाको अन्त्य गर्दै केन्द्रकै नीतिअनुरुप नयां प्रविधिको प्रयोग गरेर सदस्यहरुको विवरण राख्ने र अनलाइन सदस्यता वितरण गर्ने काम समेत यहि कार्यसमितिको पालामा भयो ।




तेक्वान्दो प्रतियोगिताका लागि नेपाल जाने खेलाडीलाई शुभकामना।



सातौं कार्यसमितिको एक सय दिन तथा कार्यालय उद्घाटन समारोह

# एनआरएन यूकेका विभिन्न विषयगत समितिहरु

एनआरएन यूकेको सातौं कार्यसमितिको पहिलो बैठकबाट नै विभिन्न विषयगत विभागहरु गठन गर्ने निर्णय गरिएको थियो। सोहि बैठकबाट कार्यसमितिभित्रैबाट ती सबै विभागका संयोजकहरु समेत तोकियो। सम्बन्धित विभागहरुको उद्धेश्यअनुरुप कार्यहरु सञ्चालन गर्नका लागि संस्थाको विधानभित्र रहेर आवश्यकताअनुसार विभागमा सदस्यहरु मनोनित गर्ने अधिकार संयोजकहरुलाई प्रत्यायोजन गरियो। सोहिअनुसार कैयौं विभागका संयोजकहरुले आ आफ्ना विभागमा सदस्यहरुको मनोनयन गरिसकेका छन् भने कतिपयले गर्ने क्रममा छन्। एनआरएन यूकेका विभिन्न विषयगत विभाग र तीनका सदस्यहरुको विवरण निम्नानुसार प्रस्तुत छ।

**१ संगठन विभाग**
प्रमुख अध्यक्ष : योगकुमार फगामी

**२ संघसंस्था समन्वय विभाग**
संयोजक : उपाध्यक्ष पुनम गुरूङ

**३ च्यारिटी विभाग**
संयोजक : उपाध्यक्ष प्रेम गाहा

**४ आर्थिक विभाग**
संयोजक : कोषाध्यक्ष सचिन श्रेष्ठ
सहसंयोजक : सहकोषाध्यक्ष गजेन्द्र गुरूङ

**५ प्रकाशन एवम् प्रचारप्रसार विभाग**
संयोजक : प्रवक्ता रमेश सराङकोटी
सदस्यसचिव : ध्रुबराज अर्याल
सदस्यहरू : विजय थापा, नविन पोखरेल, चिरन शर्मा, प्रमिला राई, बिमला सेने, दुत प्रसाद पुन, बाचस्पती रेग्मी, शिव भण्डारी र मिलन तमु।

**६ उद्योग व्यवसाय प्रबर्द्धन विभाग**
संयोजक : सचिव सुरोज मास्के
सदस्यसचिव : जगन कार्की
सदस्यहरू : मिलन गुरूङ , शुसील प्रजापति, रन्जिता मल्ल, हरिस ज्ञवाली, प्रसिद्ध प्रधान, विनोद बराल, रामबाबु श्रेष्ठ।
सल्लाहकारहरू : भोला खनाल, मोहन गुरूङ, सिर्जना श्रेष्ठ, यादव भण्डारी, दीपक श्रेष्ठ, राजु कंडेल, कर्ण शाही र धन गुरूङ।

**७ कानुन तथा नागरिकता निरन्तरता विभाग**
संयोजक : सचिव तारानाथ भण्डारी

**८ खोज अनुसन्धान र ज्ञान विज्ञान प्रविधी तथा बद्धिजिबी विभाग**
संयोजक : कार्यसमिति सदस्य अर्कराज तिम्सिना

**९ संगठन सुदृढिकरण एवम सदस्यता वितरण विभाग**
संयोजक : उपाध्यक्ष शेरबहादुर सुनार

**१० दैवीप्रकोप तथा आपतकालीन सहयोग विभाग**
संयोजक : उपाध्यक्ष सुशिला राई

**११ नेपाल सरकार, प्रदेश सरकार , सभासद, कर्मचारी तथा राजदूत समन्वय विभाग**
संयोजक : महासचिव राजकुमार त्रिपाठी

**१२ सामुहिक लगानी विभाग**
संयोजक : कार्यसमिति सदस्य गंगा राना

**१३ कला संस्कृति तथा धार्मिक संयोजन विभाग**
संयोजक : कार्यसमिति सदस्य होमनाथ पौडेल

**१४ क्षेत्र संयोजन विभाग**
संयोजक : उपाध्यक्ष ललित न्यौपाने
उपसंयोजक : अर्जुन कटुवाल
सचिव : मुकुन्द बास्तोला
सदस्यहरू : शालिक सापकोटा, सुनिलबाबु खड्का, ह्यारी गुरूङ , शिव खरेल, प्रभु न्यौपाने, रूबिना राउत, तिलक भट्टराई र भिमसेन खड्का

**१५ बृद्ध तथा बालबालिका संयोजन विभाग**
संयोजक : कार्यसमिति सदस्य बिमला लिम्बू

**१६ गोर्खाज समन्वय विभाग**
संयोजक : उपाध्यक्ष डा प्रेमबहादुर आले
सदस्यहरू : श्री लिम्बू, ओमप्रसाद थापा काउछा, डम्मर थापा, सुरेन्द्र गुरूङ
सल्लाहकारहरू : लेफ्टिनेन्ट कर्णेल रिटायर्ड यामबहादुर राना र डा चन्द्र लक्सम्बा।

**१७ युवा समन्वय विभाग**
संयोजक : युवा संयोजक लालबाहदुर गुरूङ (एलबिजेड)
संयोजक : युवा संयोजक कुमार थापा

**१८ खेलकुद विभाग**
संयोजक : कार्यसमिति सदस्य मुकेश राना
सहसंयोजक : कार्यसमिति सदस्य पवन राई

**१९ आईटी तथा सदस्यता एवम निर्वाचन सरलीकरण विभाग**
संयोजक : कार्यसमिति सदस्य पवन शर्मा

**२० विद्यार्थी तथा अन्य विभाग**
संयोजक : कार्यसमिति सदस्य जीत रानाभाट

**२१ वेवसाइट प्रविधीमुलुक, आधुनिकीकरण सदस्यता वितरण तथा एनआरएनए जनजागरण विभाग**
संयोजक : उपमाहसचिव विनय अधिकारी

**२३ महिला समन्वय विभाग**
संयोजक : महिला संयोजक लिलादेवी गुरूंग

**२४ परोपकारी समन्वय विभाग**
संयोजक : कार्यसमिति सदस्य डेबिन्द्र थापा

**२५ स्वास्थ्य समन्वय विभाग**
संयोजक : कार्यसमिति सदस्य डा दिलिपकुमार यादव

**२६ आर्थिक पारदर्शी संयोजन विभाग**
संयोजक : कार्यसमिति सदस्य महेश गिरी

**२७ पर्यटन समन्वय विभाग**
संयोजक : कार्यसमिति सदस्य राजन खकुरेल

**२८ प्रपर्टी समन्वय विभाग**
संयोजक : कार्यसमिति सदस्य मनिष खड्का

**२९ सांस्कृतिक समन्वय विभाग**
संयोजक : कार्यसमिति सदस्य गौमाया गुरूङ



लन्डनस्थित नेपाली दूतावासमा नेपालका प्राधान्यायधिस गोपाल पराजुलीको स्वागत तथा पहिलोपटक दूतावासद्वारा एनआरएन यूकेको नयाँ कार्यसमितिको सम्मान



एनआरएन यूकेको प्रवक्ता मनोनित रमेश सराङकोटी लाई तत्कालिन आइसिसी अध्यक्ष शेष घलेबाट सम्मान



एनआरएन यूकेको निवर्तमान कार्यसमितिका अध्यक्ष मुछेत्र गुरुङ र नवनिर्वाचित अध्यक्ष योगकुमार फगामीबीच तत्कालिन आइसिसी अध्यक्ष शेष घलेको उपस्थितिमा बुझबुझारथ



एनआरएन यूकेको विधान संशोधन समितिद्वारा संस्थाको नयाँ विधान कार्य समितीलाई हस्तान्तरण

# हार्दिक बधाई तथा शुभकामना

गैरआवासीय नेपाली संघ बेलायतको सातौं कार्यसमितिले आफ्नो कार्यकालको पहिलो १०० दिन सफलतापूर्वक सम्पन्न गरेको अवसरमा हामी संघका सम्पुर्ण पदाधिकारी तथा सिंगो कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छौं । साथै, दुई वर्षे कार्यकालको बांकी अवधिमा संघले समुदायको अपेक्षाअनुसार सम्पुर्ण गैरआवासीय नेपाली तथा मातृभुमि नेपालको हितमा प्रभावकारी रूपमा कार्य सम्पादन गर्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछौं ।


A-Star Financial Solutions UK

B N C Gurkha Grocery
9 Winton Square, Basingstoke
Hampshire, RG21 8EW

Bhet Ghat Gurkha Resturant & Bar

Chautari Nepalese Cuisine

YBC Your Building Counts

Gurkha Junction Restaurant
Nepalese, Indian & Multi Cuisine Fine Dining Restaurant

London Nepal News
लण्डन नेपाल न्यूज.com

SNP Plus
Accountants and Tax Advisors

Everest Money
simple, secure money transfers

Namaste Travels

holy cow

ASR Accountancy Ltd

Magar Association United Kingdom

Gurkha Palace
Nepalese Restaurant

Peepal Mortgages
Advice makes a difference

Namaste Gurkha

Gurkha 91

Gurkha Everest (UK) Limited
Web: www.everestgurkha.com

नेपालीपत्र
Connecting Nepalese Globally

एभरेस्ट टाइम्स
Everest Times Weekly, UK

WE NEPALI
बेलायतबाट सञ्चालित नेपाली अनलाइन पत्रिका

तमु धिं यू.के.
Tamu Dhee UK
Registered Charity No. 1120443

Balloon Nepal

Gurkha Chef

Red Lion